# सिद्धलेक गाउँपालिकाको माध्यमिक तह कक्षा ११ र १२ निःशुल्क शिक्षा सम्वन्धी कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मिति २०८२-०८-२८

सिद्धलेक गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

बुङचुङ, धादिङ

प्रमाणित गर्नेः
परशुराम खतिवडा २०८२/८/२८
गाउँपालिका अध्यक्ष

परशुराम खतिवडा
गा.पा अध्यक्ष

सिद्धलेक गाउँपालिकाको माध्यामिक तह कक्षा ११ र १२ निःशुल्क शिक्षा सम्बन्धी कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मिति २०८२-०८-२८

**प्रस्तावना** : सिध्दलेक गाउँपालिका अन्तर्गत माध्यमिक तह (कक्षा ११ र १२) सञ्चालित विद्यालयहरुमा निःशुल्क शिक्षा व्यवस्थापन गरी नेपालको संविधानको धारा ३१ को उपधारा २ मा उल्लेखित प्रत्येक नागरिकलाइ राज्यबाट आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकलाइ कार्यान्वयन गर्नको लागि सिध्दलेक गाउँपालिकाको शिक्षा ऐन, २०७५ को दफा २९ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाइएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

१) यस कार्यविधिको नाम "माध्यमिक तह (कक्षा ११ र १२ ) निशुल्क शिक्षा सम्बन्धी कार्यविधि, २०८२" सम्झनु पर्दछ ।

२) यो कार्यविधि सिध्दलेक गाउँपालिका भरी लागू हुनेछ ।

३) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएपछि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

१) ऐन भन्नाले सिध्दलेक गाउँपालिकाको शिक्षा ऐन २०७५ (संशोधनसहित) लाई सम्झनु पर्दछ

२) कार्यपालिका भन्नाले सिध्दलेक गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

३) गाउँ शिक्षा समिति भन्नाले गाउँ शिक्षा ऐन बमोजिम गठित गाउँ शिक्षा समितिलाइ सम्झनु पर्दछ।

४) शाखा भन्नाले सिध्दलेक गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्दछ ।

५) स्थानीय तह भन्नाले सिध्दलेक गाउँपालिका सम्झनु पर्दछ ।

६) विद्यालय भन्नाले कक्षा ११ र १२ सञ्चालन भएको सामुदायिक विद्यायलाई सम्झनु पर्दछ ।

३. उद्देश्यः (१) यो कार्यविधि जारी गर्नुको उद्देश्य देहाय अनुसार रहेको छः

१) नेपालको संविधानले व्यवस्था गरेको माध्यमिक तहको शिक्षालाई निःशुल्क बनाउनु ।

२) गाउँ कार्यपालिका भित्र रहेका माध्यमिक तहमा अध्ययनरत बालबालिकाहरुको अन्य पालिकाहरुमा भइरहेको स्थानान्तरणलाई रोक्नु ।

३) सिध्दलेक गाउँपालिकालाई माध्यामिक तहको शिक्षाको लागि शैक्षिक हवको रुपमा स्थापित गर्नु ।

परशुराम खतिवडा
गा.पा अध्यक्ष

४. बजेट र सिमा

१) सिध्दलेक गाउँपालिकाको गाउँसभाबाट स्वीकृत बजेट नै बजेटको सीमा हुनेछ ।

२) बजेट नपुग भएमा गाउँसभाबाट अनुमोदन हुनेगरी कार्यपालिकाले नपुग बजेट थप गर्न सक्नेछ ।

५. : अनुदानको आधारहरू (१) कक्षा ११ र १२ मा निःशुल्क शिक्षा प्रदान गर्ने आधारहरु देहायका हुनेछन :

१) कक्षा ११ र १२ सञ्चालनको लागि अनुमती प्राप्त गरेको ।

२) कक्षा ११ र १२ मा तोकिएको समयमा विद्यालयमा भर्ना भएका विद्यार्थी संख्या।

३) विद्यालयहरुले भर्ना भएका विद्यार्थीहरुको विवरण IEMIS मा अध्यावधिक गरेको।

४) विद्यालयले पेश गरेको प्रस्तावना

६. प्रस्तावना पेश गर्नुपर्नेः विद्यालयले वि.व्य.स.को निर्णय, इमिसमा अद्यावधिक गरीएको विद्यार्थीको विवरण र ग्रेडशिटसहित (कक्षा ११ को हकमा १० को ग्रेडशिट र कक्षा १२ को हकमा ११ को ग्रेडशिट) अनुदान प्रासिको लागी मङ्सिर मसान्त भित्र अनुसूची १ वमोजिमको ढाँचामा प्रति विद्यार्थी वार्षिक ६ हजार भन्दा बढी नहुने गरी गाउँपालिकामा प्रस्तावना पेस गर्नुपर्नेछ।

७. अनुदान र खर्च सम्बन्धी व्यवस्थाः (१) गाउँपालिकाले कक्षा ११ र १२ सञ्चालन भएका विद्यालयहरुलाइ प्रस्तावना र विद्यार्थी सङ्ख्याको आधारमा मासिक ५०० (पाँचसय मात्र) का दरले एक वर्षमा जम्मा हुन आउने एकमुष्ठ ६ हजार अनुदान दिनेछ।

(२) प्राप्त अनुदान देहायको शिर्षकमा खर्च गर्न सकिने छ।

क) गाउँपालिकाको दरबन्दी मिलान कार्यविधि अनुसार शिक्षक संख्या नभएमा शिक्षकको तलव

ख) विद्यालयले लिने परिक्षा व्यवस्थापनको लागी कपि, र प्रश्नपत्रमा छपाई लाग्ने खर्च (वार्षिक अधिकतम १५० को दरले

ग) ग्रेडशिट र चारित्रिक प्रमाण पत्र तयारी प्रति विद्यार्थी प्रति वर्ष अधिकतम रू १५० को दरले

घ) पानी, विजुलिको विल

ङ) अतिरिक्त क्रियाकपाल सञ्चालन पालिकास्तरीय अधिकतम ३० हजार

च) सामान्य मर्मत ३० हजार सम्म

परशुराम खतिवडा
गा.पा अध्यक्ष

परशुराम खतिवडा
गा.पा अध्यक्ष

छ) अन्य

(३) प्राप्त अनुदानबाट पुग्ने भएमा तल्लो तहको शिक्षकले ११-१२ मा कक्षा लिएबापत प्रति शिक्षक प्रति महिना १००० को दरले मासिक रुपमा थप तलब **दिन सकिने छ।**

(४) प्रस्तावना र प्रतिवेदन पेश नगर्ने विद्यालय र आंशिक परिक्षा दिने विद्यार्थीको लागि अनुदान उपलब्ध गराइने छैन।

८. **खर्च गर्न नसकिने:** (१) यस कार्यविधि बमोजिम प्राप्त अनुदान शिक्षकको तलबभत्ता, र अन्य कुनै किसिमको भत्तामा खर्च गर्न सकिने छैन ।

(२) उपदफा (१) मा जुनसकुकै कुरा लेखिएको भएता पनि गाउँपालिकाले कार्यान्वयन गरेको विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यविधि बमोजिम शिक्षक दरबन्दी नभएमा गाउँपालिकाको अनुमतिले शिक्षकको तलब भत्तामा खर्च गर्न सकिनेछ।

९. **विद्यालयले शुल्क लिन नपाउने:** (१) विद्यालयहरुले विद्यार्थीहरुबाट कुनै पनि शीर्षकमा शुल्क लिन पाउने छैनन् तर राज्यलाइ तिर्नुपर्ने कर सम्बन्धी शुल्क भने विद्यार्थी स्वयंमले नै बुझाउनु पर्नेछ ।

१०. **अनुगमन सम्बन्धी व्यवस्था:** (१) अनुदानको कार्यान्वयनको अनुगमन देहायको समितिबाट हुनेछ।

१) प्रमुख प्रशासकीय अधिकृत – संयोजक
२) शिक्षा शाखा प्रमुख- सदस्य
३) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य
४) शिक्षा शाखाको प्रमुख बाहेक कर्मचारी – सदस्य-सचिव

११. **प्रतिवेदन सम्बन्धी व्यवस्था:** (१) विद्यालयले आर्थिक वर्ष समाप्त भएको १५ दिन भित्र अनुसूची १ बमोजिमको ढाँचामा सम्पुर्ण कागजात सहित प्रगती प्रतिवेदन पेश गर्नुपर्नेछ।

१२. **सजाय:** (१) नेपालको संविधान, शिक्षा सम्बन्धी प्रचलित कानुन र यस कार्यविधिको विरुद्धमा कुनै विद्यालयले शुल्क लिएको पाइएमा प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा छानविन गरी दोषी देखियमा वि.व्य.स. विघटन, प्र.अ.को जिम्मेवारी हेरफेर लगायतको कार्य गाउँ शिक्षा समितिले गर्नेछ।

(२) उपदफा (१) बमोजिम कारवाही अघि विद्यालयलाई मनासिव सफाइ पेस गर्ने अवसरवाट वञ्चित गरिने छैन।

परशुराम खतिवडा
गा.पा अध्यक्ष

CamScanner

सिद्धलेक गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
धुसुङ, धादिङ
बागमती प्रदेश, नेपाल

परशुराम खतिवडा
गा.पा अध्यक्ष

**१३. लेखापरीक्षण सम्बन्धी व्यवस्था:** (१) गाउँपालिकाबाट प्राप्त हुने अनुदानको लेखापरीक्षण प्रत्येक वर्ष विद्यालयले तोकिएको लेखापरीक्षकबाट गराउनु पर्नेछ । लेखापरिक्षण नगराउने विद्यालयहरुको अनुदान रोक्का हुनेछ ।

**१४. बाधा अड्काउ फुकाऊ:** (१) यस कार्यविधि अनुसारको कार्यन्वयनमा केहि बाधा अड्काउ परेमा गाउँकार्यपालिकाले फुकाउन सक्नेछ ।

**१५. खारेजी र बचाऊ:** (१) सिद्धलेक गाउँपालिकाको माध्यामिक तह कक्षा ११ र १२ निःशुल्क शिक्षा सम्बन्धी कार्यविधि, २०८० खारेज गरीएको छ।

(२) सिद्धलेक गाउँपालिकाको माध्यामिक तह कक्षा ११ र १२ निःशुल्क शिक्षा सम्बन्धी कार्यविधि, २०८० बमोजिम भए गरेको काम यसै कार्यविधि बमोजिम भएको मानिने छ।

परशुराम खतिवडा
गा.पा अध्यक्ष

सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङचुङ, धादिङ
बागमती प्रदेश, नेपाल

- परशुराम खतिवडा
गा.पा अध्यक्ष

अनुसूची-१

प्रस्तावना/प्रतिवेदनको ढाँचा

श्री सिद्धलेक गाउँपालिका, बुङचुङ, धादिङ।

विषयः प्रस्तावना/प्रतिवेदन पेस गरिएको बारे

प्रस्तुत विषयमा सिद्धलेक गाउँपालिकाको माध्यामिक तह कक्षा ११ र १२ निःशुल्क शिक्षा सम्बन्धी कार्यविधि, २०८२ बमोजिम देहाय बमोजिम आ.व. ............को प्रस्तावना/प्रतिवेदन पेश गरिएको व्यहोरा जानकारीकासाथ अनुरोध छ।

1. विद्यालयको परिचय (नाम, ठेगाना, कक्षा ११ र १२ को विद्यार्थी संख्या)
2. खर्चको विवरण ( प्रस्तावना भएमा अनुमानित/प्रतिवेदन भएमा भएको यथार्थ खर्च)

| क.स. (क) | खर्चको विवरण(ख) | दर | संख्या | जम्मा |
|---|---|---|---|---|
| १ | गाउँपालिकाको दरबन्दी मिलान कार्यविधि अनुसार शिक्षक संख्या नभएमा शिक्षकको तलब | | | |
| २ | विद्यालयले लिने परिक्षा व्यवस्थापनको लागी कपि, र प्रश्नपत्रमा छपाई लाग्ने खर्च (वार्षिक अधिकतम १५० को दरले | | | |
| ३ | पानी, विजुलिको बिल | | | |
| ४ | अतिरिक्त क्रियाकपाल सञ्चालन पालिकास्तरीय अधिकतम ३० हजार | | | |
| ५ | सामान्य मर्मत ३० हजार सम्म | | | |
| ६ | अन्य | | | |
| ७ | | | | |
| जम्मा | | | | |

तयार गर्ने — कर्मचारी/शिक्षक

पेस गर्ने — प्र.अ.

स्वीकृत गर्ने — गाउँपालिकाबाट

परशुराम खतिवडा
गा.पा अध्यक्ष